## पार्टी, पैसा र निर्वाचन प्रणाली

सदस्यतालाई रोक्नुपर्ने, सङ्कुचन गर्नुपर्ने कुनै पनि कारण म देख्दिनं । यसलाई खुला गर्दा आन्तरिक लोकतन्त्र बलियो हुन्छ ।

धेरै मानिस भएपछि कसले कसलाई भोट दिन्छ भन्ने थाहा हुँदैन । मास जति बढ्छ, अवस्था पकडभन्दा बाहिर जान्छ । पकडभन्दा बाहिर गए पनि जसले विचारको राम्रो प्रक्षेपण गर्न सक्छ, त्यो आउँछ । त्यहीकारण कम्तीमा काँग्रेसमा यो आवश्यक छ ।

अर्को कुरा, स्टेट फन्डिङको कुरा (दलहरूलाई चुनाव खर्च राज्यले नै दिने) आएको छ । यो डा. प्रकाशचन्द्र लोहनीले निर्वाचन सम्बन्धी ऐनहरू बनाउँदा प्रतिभोट कति दिने भन्ने तय गरौं, तर स्टेट फन्डिङ ल्याउ भनेर तय गर्नुभएको थियो ।

यहाँ त के भइरहेको छ भने स्टेट फन्डिङ एउटा, कम्युनिटी फन्डिङ, र कर्पोरेट फन्डिङ । तीनवटा फन्डिङ देखिने । नदेखिने फन्डिङ अर्को छ । यी चार प्रकारमध्येमा कसरी पारदर्शी बनाउने भन्ने सम्बन्धमा हामीले धेरै विचार गर्नुपर्नेछ । मेरो विचारमा दुई-तीनवटा कुरा गरे पुग्छ । फन्डिङ कसरी गर्ने भन्ने तपसिलको कुरा हो ।

पहिलो कुरा, पार्टी भने होटल, मानिस राख्ने, थुन्ने, मान्छे पठाउने यी सबै विकृतिहरू भए । सासद भनेकै अलग रहेछ भन्ने हुन थाल्यो । अनि, ऐनहरू बनाउँदा पनि प्रभाव पार्न सक्नेको मात्रै बन्ने रहेछ भन्ने भयो । लबिस्टहरु आए । यी सबै आउँछन् । तर, प्रश्न फेरि पनि यसको विकल्प के छ भन्ने हो ।

### पैसाको भूमिका

अहिलेको चुनावमा पैसा धेरै खर्च हुन थालेको छ । ०४८ सालमा यस्तो थिएन । म त्यस चुनावमा कृष्णप्रसाद भट्टराईको सहसंयोजक थिएँ । जति पैसा किशुनजीले चुनावका लागि दिनुभएको थियो, त्यसको दुईतिहाई नै मैले फिर्ता गरिदिएँ । त्यो चुनाव बेग्लै थियो । कार्यकर्ताहरूमा प्रजातन्त्र आयो भनेर उमङ्ग थियो । उनीहरू आफैं खाएर, आफैं खट्ने अवस्था थियो ।

कम्युनिष्ट पार्टीबाट लडेको मदन भण्डारीलाई पनि आवश्यक परेन । बानेश्वरमै विदुर मैनाली भन्ने हुनुहुन्थ्यो । पछि उहाँ काठमाडौं महानगरको उपमेयर पनि हुनुभयो, उहाँकै घरमा दाल भात तरकारी पकाएर मदन भण्डारी चुनाव लड्दा खुवाएको मैले देखेको छु । त्यसकारण, त्यो कल्चर थियो । प्रजातन्त्र आयो, उत्साह

---

# बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
प्रदेश नं २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०७८/०८/०३ गते)

यस बरियारपट्टी गाउँपालिका मिति २०७८/०६/२६ गतको सिरहा सन्देश दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्का नं.को; सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्रहीभई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| सि.नं. | ठेक्का नं. | छनौट भएको फर्म | ठेगाना | कबोल अङ्क रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १. | BRM/20/2078/079 | श्री दिप ज्योती निर्माणसेवा | बरियारपट्टी गा.पा.१ कचनारी | ६९७९७४।०१/- |
| २. | BRM/21/2078/079 | श्री भगत कन्स्ट्रक्सन | बरियारपट्टी-१ कचनारी | ३४४४४८।३४/- |
| ३. | BRM/22/2078/079 | श्री विकास कन्स्ट्रक्सन | बरियारपट्टी गा.पा.-४ | ५०००६३।८९/- |
| ४. | BRM/23/2078/079 | श्री विकास कन्स्ट्रक्सन | बरियारपट्टी गा.पा.-४ | ४९१३२०।८८/- |
| ५. | BRM/24/2078/079 | श्री विकास कन्स्ट्रक्सन | बरियारपट्टी गा.पा.-४ | ७१४६९५।५८/- |

**नि. प्रमुख प्रशासकीय अधिकृत**
**बरियारपट्टी गाउँपालिका, सिरहा**

---

रहेछ भन्ने भयो । लविस्टहरु आए । यी सबै आउँछन् । तर, प्रश्न फेरि पनि यसको विकल्प के छ भन्ने हो ।

अलोकतान्त्रिक र अपारदर्शी ढंगले हामी जान सक्दैनौं । यसलाई सकेसम्म देशको त्यो अवस्था छ । संसदमा धेरैका भूमिका हुन्छन् । इन्ट्रेस्टहरु भए पनि दुवै किसिमको कुरा जाला । त्यसले आवाजहरू धेरै किसिमको आउन पाउँछ । तर, यदि राष्ट्पतीय चुनावमा जानभयो

## यादवको गोरुगाडा प्रथम

गम्छा, दोस्रो हुनेलाई डेढ तोला चाँदीको तक्मा, २० किलो पिना, १ बाल्टिन, २ घुंघरु र १ गम्छा, तेस्रो भएकालाई १ तोला चाँदी, २० किलो पिना १ बाल्टिन र १ गम्छा लगाएर सम्मानित गरियो । सान्तवना हुनेलाई नगद रु ५ सय प्रदान गरियो ।